# सर्केगाड गाउँपालिका, हुम्ला

## कर्णाली प्रदेश, नेपाल

## स्थानीय राजपत्र

## भाग - २

खण्डः ८ संख्याः ८८ मितिः २०८२।०३।०४


## सर्केगाड गाउँपालिका हुम्ला थारकोट देखि भीयाचौर खानेपानी उपभोक्ता तथा सरसफाइ समितिको विधान, २०८२

सर्केगाड गाउँपालिकाको कानून

# सर्केगाड गाउँपालिका हुम्ला

## थारकोट देखि भीयाचौर खानेपानी उपभोक्ता तथा सरसफाई समितिको

## विधान,२०८२



पारित मिति २०८२।०३।०४

प्रस्तावना : सर्केगाड गाउँपालिका वडा नं २ को रिप स्थानमा गठित थारकोट देखि भीयाचौर नामको खानेपानी उपभोक्ता समिति, सर्केगाड गाउँपालिकाको खानेपानी तथा सरसफाई ऐन,२०८२ को दफा ६(५) खारेज भएकोले सोही दफा बमोजिम यस समितिलाई रुपान्तरण गरी थारकोट देखि भीयाचौर नामको खानेपानी तथा सरसफाई उपभोक्ता समितिको नामको नयाँ समिति गठन गरी सञ्चालन गर्न वाञ्छनीय देखिएकोले सोही ऐनको दफा ९ को प्रयोजनार्थ मिति २०८१/०९/११ मा बसेको उपभोक्ताहरुको भेलाको निर्णयले यस थारकोट देखि भीयाचौर खानपीनी उपभाक्ता तथा सरसफई समितिको विधान,२०८२ पारित गरिएको छ ।

## परिच्छेद-१

## संक्षिप्त नाम,ठेगाना,कार्यक्षेत्र र प्रारम्भ :

### १.संक्षिप्त नाम,ठेगाना,कार्यक्षेत्र र प्रारम्भ :

(१)यस विधानलाई खानेपानी उपोभोक्ता समितिको नाम थारकोट देखि भीयाचौर खानेपानी उपभोक्ता तथा सरसफई समितिको विधान, २०८२ भनिने छ ।

(२)समितिको नाम : यस समितिको नाम थारकोट देखि भीयाचौर खानेपानी उपभोक्ता तथा सरसफई समिति रहने छ ।

(३)समितिको ठेगाना :यस समितिको ठेगाना सर्केगाड गाउँपालिका वडा नं २ , थारकोट देखि भीयाचौर (स्थान लेख्ने) सर्केगाड

रहनेछ ।

(४)समितिको कार्यक्षेत्र : यस समितिका कार्यक्षेत्र वडा नं. २ मा सर्केगाड गाउँपालिकावाट गठित रिप टोल विकास संस्था/संस्थाहरुको भौगोलिक कार्य क्षेत्र रहने छ ।

(५) यो विधान सर्केगाड गाउँपालिकाबाट स्वीकृत भएको मिति देखि प्रारम्भ हुनेछ ।

२.परिभाषा : विषय वा प्रसंङ्गले अर्को अर्थ नलागेमा यस विधानमा,

(क) विधान भन्नाले : थारकोट देखि भीयाचौर खानेपानी उपभोक्ता तथा सरसफई समिति सर्केगाड गाउँपालिका वडा नं.२ सर्केगाडको विधान, २०८२ लाई सम्झनु पर्दछ ।

(ख) समिति भन्नाले : यस विधान बमोजिम गठन भएको थारकोट देखि भीयाचौर खानेपानी उपभोक्ता तथा सरसफाई सञ्चालन समितिलाई सम्झनु पर्दछ ।

(ग) अध्यक्ष भन्नाले : समितिको अध्यक्षलाई संझनु पर्दछ ।

(घ)उपाध्यक्ष भन्नाले : समितिको उपाध्यक्षलाई संझनु पर्दछ ।



CamScanner

(घ) कोषाध्यक्ष भन्नाले : समितिको कोषाध्यक्षलाई संझनु पर्दछ।

(ङ) सचिव भन्नाले : समितिको सचिवलाई संझनु पर्दछ।

(च) सदस्य भन्नाले : समितिका सदस्यलाई संझनु पर्दछ।

(छ)उपभोक्ता सदस्य भन्नाले : समितिको कार्यक्षेत्रका खानेपानी तथा सरसफाई सेवाको लाभग्राही एक घरधुरी एक व्यक्ति,संस्था,समुह आदिलाई संझनु पर्दछ ।

(ज) ऐन भन्नाले : सर्केगाड गाउँपालिका हुम्लाद्धारा स्वीकृत भएको खानेपानी तथा सरसफाई ऐन, २०८२ लाई संझनु पर्दछ।

(झ)योजना भन्नाले : समितिको कार्य क्षेत्रमा सञ्चालन भएको वा हुने खानेपानी तथा सरसफाई सम्वन्धी सवै योजना/आयोजना/कार्यक्रमलाई संझनु पर्दछ।

(ञ) नगरपालिका भन्नाले : सर्केगाड गाउँपालिका हुम्लालाई संझनु पर्दछ।

(ट)बिषेश साधारणसभा भन्नाले: समितिको गठन/बिघटन, आर्थिक कारोवार,विधान निर्माण/संशोधन/खारेज, विपद् जस्ता गम्भिर अवस्था तथा बिषयमा बस्ने सभालाई संझनु पर्दछ।

परिच्छेद-२

## समितिको उद्देश्य

३. समितिको उदेश्य : समितिको मुख्य उद्देश्यहरु देहाय बमोजिम रहेका छन्।

क.समितिको कार्य क्षेत्रमा सञ्चालन भएको वा हुने खानेपानी तथा सरसफाई सम्बन्धी योजनाको सञ्चालन,संरक्षण,सम्वर्द्धन तथा मर्मत संभार गर्नु।

ख. खानेपानी तथा सरसफाई/योजना कार्यक्रमको प्रभावकारी व्यवस्थापन तथा नियमित सञ्चालन गर्नु।

ग.उपभोक्ताहरुलाई खानेपानी तथा सरसफाई सम्वन्धी सचेतना अभिवृद्धि गर्नु।

घ. कोषको व्यवस्था गर्नु , ऐन बमोजिम कोषबाट रकम खर्च गर्नु, लेखा राख्नु, लेखा परीक्षण गर्नु गराउनु।

ङ. ऐनमा व्यवस्थित समितिसँग सवन्धित प्रावधानको पूर्ण पालना तथा कार्यान्वयन गर्नु।

च. सर्केगाड गाउँपालिका वा गाउँकार्यपालिकाको कार्यालयको निर्देशनको पालना वा सर्केगाड गाउँपालिका र गाउँकार्यपालिकाको कार्यालयले तोकेका अन्य कार्य गर्नु।



CamScanner

(छ) भौगोलिक कार्यक्षेत्र भित्रका खानेपानी एवं सरसफाई सँग सम्वन्धित सबै समितिलाई तीन महिना भित्र एकीकृत गर्नु ।

## परिच्छेद- ३

## सभा,बैठक,कार्यप्रणाली र निर्णय

### ४.सभा सम्बन्धी व्यवस्था :

(१)उपभोक्ता भेलाले गठित समिति सर्केगाड गाउँपालिका दर्ता भएपश्चात सो समितिले एक महिना भित्र अनिवार्य रुपमा प्रारम्भिक साधारण सभा हुनेछ , प्रत्येक आर्थिक बर्ष पुरा भए पश्चातको तीन महिना भित्रमा बार्षिक साधारण सभा सम्पन्न हुनुका साथै सो बाहेक अन्य विशेष अवस्था परेमा जुनसुकै समयमा समितिको विशेष सभा बस्न सक्ने छ ।

(२). समितिको अध्यक्षको निर्देशनमा सचिवले कम्तीमा अठ्चालीस घण्टा अघावै सभाका एजेण्डा सहित लिखित वा मौखिक वा मोवाईलको माध्यामवाट सभाका सदस्यलाई सभामा आमन्त्रण गर्नु पर्नेछ ।

(३) गणपुरक संख्या : कम्तीमा ५१ प्रतिशत उपभोक्ता सदस्य उपस्थित भएमा सभाको गणपुरक संख्या मानिने छ । गणपुरक संख्या नपुगेमा सात दिन भित्र पुन : वैठक वोलाउनुपर्ने छ ।

(४)सभाको अध्यक्षता समितिको अध्यक्षले गर्ने छ । निजको अनुपस्थितीमा उपाध्याक्षले सभाको अध्यक्षता गर्ने छ। उपाध्याक्ष समेत अनुपस्थित भएमा उपभोक्ताहरु मध्ये जेष्ठ सदस्यले सभाको अध्यक्षता गर्नेछ ।

(५)निर्धारित समयमा सभा नगरेमा २५ प्रतिशत उपभोक्ता सदस्यको लिखित निवेदनले समितिको अध्यक्ष वा उपाध्याक्ष वा सचिवले सात दिन भित्र सभा वोलाउनु पर्ने छ ।

(६)सभाका अध्यक्षले पुर्व निर्धारित कार्यसूची तथा एजेण्डाहरु सभामा प्रस्तुत गरी वहुमत सदस्यबाट पारित गराउनु पर्ने छ । अध्यक्षले समितिका सचिवलाई सभाबाट भएका निर्णयहरु को अभिलेख खडा गर्न लगाई प्रमाणित गर्नु पर्ने छ । यस सम्वन्धीका अभिलेखहरु सचिवले सुरक्षित गरी राख्नु पर्नेछ ।

### ५.समिति गठन सम्वन्धी व्यवस्था :

(१) सभाका सदस्यहरुले आफुमध्ये बाट सर्वसम्मत वा निर्वाचन गरी कार्यकारी निकायको रुपमा देहाएको समिति गठन गर्नेछ ।

अध्यक्ष.....................................................................................................१

उपाध्याक्ष..................................................................................................१

सचिव.........................................................................................................१

कोषाध्याक्ष ................................................................................................१



CamScanner

सदस्यहरु ..........................................................................................................।

(२) उपदफा (१) बमोजिम समिति गठन गर्दा कोषाध्याक्ष सहित कम्तीमा तेत्तीस प्रतिशत महिला सदस्यहरु रहने छन् ।

(३) समितिको कार्यकाल तीन बर्षको हुने छ ।

(४)समितिको बैठक प्रत्येक दुई महिनाको एक पटक बस्नेछ ।अध्यक्षको निर्देशनमा सचिवले कम्तीमा चौबीस घण्टा अघावै एजेण्डा सहित लिखित वा मौखिक वा मावाईल(एस एम एस)को माध्यामबाट समितिका सदस्यलाई बैठकमा आमन्त्रण गर्नु पर्नेछ ।

(५) गणपुरक संख्या : कम्तीमा ५१ प्रतिशत उपभोक्ता सदस्य उपस्थित भएमा समितिको गणपुरक संख्या मानिने छ । गणपुरक संख्या नपुगेमा तीन दिन भित्र पुन : बैठक बोलाउनुपर्ने छ ।

(६)बैठकको अध्यक्षता समितिको अध्यक्षले गर्ने छ । निजको अनुपस्थितीमा उपाध्याक्षले सभाको अध्यक्षता गर्ने छ । उपाध्याक्ष समेत अनुपस्थित भएमा उपभोक्ताहरु मध्ये जेष्ठ सदस्यले सभाको अध्यक्षता गर्नेछ ।

(७)निर्धारित समयमा बैठक नवोलाएमा २५ प्रतिशत उपभोक्ता सदस्यको लिखित निवेदनले समितिको अध्यक्ष वा उपाध्याक्ष वा सचिवले तीन दिन भित्र बैठक बोलाउनु पर्ने छ ।

(८)अध्यक्षले पुर्व निर्धारित कार्यसूची तथा एजेण्डाहरु समितिमा प्रस्तुत गरी बहुमत सदस्यबाट पारित गराउनु पर्ने छ । अध्यक्षले सचिवलाई सभाबाट भएका निर्णयहरु को अभिलेख खडा गर्न लगाई प्रमाणित गर्नु पर्ने छ । यस सम्बन्धीका अभिलेखहरु सचिवले सुरक्षित गरी राख्नु पर्नेछ ।

(९)यस विधानमा लेखिएका सबै कार्यहरु कार्यकारी निकायको रुपमा समितिको नामबाट सम्पादन हुनेछन् ।

६.समितिहरु एकीकरण र यसका आधारहरु : भौगोलिक कार्यक्षेत्र भित्र रहेका यस सम्बन्धीका अन्य समितिहरु तीन महिना भित्रमा लागत सहभागिता, भूमिका निर्वाहा, जोखिम वहन, लाभ वितरणका आधारमा आपसी समझ्दारीमा एकीकरण गरिनेछ । एकीकरणपुर्व कुनै समितिको कोषमा संञ्चित रकमलाई आपसी सहमतीबाट मिलान गरी परिचालन गरिने छ ।

७.समितिको काम कर्तव्य र अधिकार : यस विधानमा उल्लेखित उदेश्य कार्यान्वयन गर्नु समितिको मुख्य कामकर्तव्य र अधिकार हुनेछ । समितिको अन्य काम कर्तव्य अधिकार काम,कर्तव्य र अधिकार देहाए बमोजिम हुनेछन् ।

क.यस ऐनको पूर्ण पालना गर्नु ,

ख. समितिको विधान पालना गर्नु ,

ग.उपभोक्ताको अध्यावधिक विवरण राख्नु ,

घ. खानेपानी शुल्क संकलन गर्नु ,



सर्कगाड-२

ङ. खानेपानी वितरण प्रणाली प्रभावकारी रुपमा सञ्चालन गर्नु ,

च. खानेपानीको गुणस्तर कायम गर्नु , खानेपानीको मुहान समय समयमा सरसफाई गर्नु ,

छ. भौतिक पूर्वाधार/मर्मत सम्भारको व्यवस्था गर्नु ,

## परिच्छेद - ४

## कोषको तथा खाता सञ्चालन र लेखापरीक्षण

८.समितिको कोष व्यवस्थापन : समितिको एक कोष रह्नेछ, सो कोषमा देहाएको रकम रहनेछ ।

क.गाउँपालिकाबाट समितिलाई उपलब्ध गराएको कुनै किसिमको रकम,

ख.समितिलाई कुनै श्रोतबाट प्राप्त चन्दा,पुरस्कार, आर्थिक सहायता तथा अनुदान,

ग.दण्ड जरीवानाबाट उठेको रकम,

घ.समितिले प्राप्त गरेको ऋण,

ङ. उपभोक्ताहरुबाट उठाइएको पानी महशुल लगायतको रकम,

च.निर्माण वा अन्य श्रोतहरुबाट आयोजनामा बचत भएको रकम,

छ.गाउँपालिकाले तोकी दिए बमोजिम खानेपानी उपभोक्ताबाट संकलित सेवा शुल्क,

ज. व्याज प्राप्त रकम तथा समितिमा वचत भएको अन्य कुनै रकम ।

९.खाता सञ्चालन तथा खर्च क्षेत्र सम्बन्धी व्यवस्था :

(१)समितिको कोषको खाता सञ्चालन अध्यक्ष र कोषाध्यक्षको संयुक्त दस्तखतबाट सञ्चालन हुनेछ ।

(२) उपदफा (१) बमोजिमको कोषमा जम्मा भएको कोषबाट समितिले निर्णय बमोजिम देहाएको क्षेत्रमा मात्र खर्च गरिनेछ ।

क. खानेपानीको योजना सञ्चालन गर्न,

ख. खानेपानी योजनाको मर्मत संभार गर्न,

ग.अन्य कुनै विकास निर्माण,

घ.प्रशासनिक तथा साधारण खर्च गर्न,

ङ.आकस्मिक कार्यमा खर्च गर्ने ।

**१०. लेखा, लेखापरीक्षण तथा प्रतिवेदन सम्बन्धी व्यवस्था :**

(१) समितिले प्रत्येक आ.व. को कारोवार स्पष्ट रुपमा देख्न/बुझ्न सकिने गरी कानून बमोजिमको आर्थिक कारोवार सहितको लेखा र यसको अभिलेख राख्ने छ ।

(२)समितिले प्रत्येक आ.व.को आर्थिक तथा अन्य कारोवारको लेखाको सो आ.व.सकिएको तीन महिना भित्र दर्तावाल लेखापरीक्षकबाट लेखापरीक्षण गराई कार्तीक महिना भित्र सो को प्रतिवेदन गाउँपालिकामा पेश हुनेछ ।

**११.सम्पत्ती सर्ने** : समिति विघटन वा खारेज भएमा यसको चल अचल सबै सम्पत्ति गाउँपालिकामा सर्ने छ ।

## परिच्छेद -५

## विविध

**१२.राजीनामा :** समितिका कुनै सदस्यले आफ्नो पदवाट अध्यक्ष समक्ष पेश गरेको राजीनामा स्वीकृत भएमा सो खाली हुनेछ । उक्त पदमा जुन प्रकृयाबाट पूर्ती भएको थियो सोही प्रकृयावाट पूर्ती गरिने छ । अध्यषले उपाध्याक्ष समक्ष राजीनामा दिन सक्नेछ ।

**१३. विधान संशोधन तथा नियमावली तर्जुमा :**

(१) यस विधान संशोधन गर्नु परेमा सभाबाट पारीतगरी गाउँकार्यपलिकाले स्वीकृत गरेको मिति देखि लागु हुनेछ ।

(२) समितिले यो विधान कार्यान्वयन गर्न समितिले आवश्यक नियम बनाई गाउँकार्यपालिकाबाट स्वकिृति गराई लागू गर्न सक्ने छ ।

**१४.बचाउ र खारेजी :**

(१)यो विधान प्रारम्भ हुँदाका बखत बहाल रहेको समिति यसै विधान बमोजिम गठन भएको मानिने छ ।

(२) यो विधान प्रारम्भ हुँदाका बखत वहाल रहेको भेला वा उपभोक्ता समितिको निर्णयबाट सम्पादन भएका कार्यहरु यसै विधान बमोजिम भएगरेको मानिनेछ ।

(३) ................................विधान खारेज गरिएको छ ।

**१५.अन्य प्रचलित कानून बमोजिम हुने :**

यस विधानमा लेखिएका कुनै कुरा सर्केगाड गाउँपालिकाको खानेपानी तथा सरसफाई ऐन,२०८२ वा स्थानीय सरकार संचालन ऐन वा प्रचलित अन्य संघीय वा प्रदेश कानुनसँग बाझिन गएमा बाझिएको हद सम्म अमान्य हुनेछ र सो अवस्थामा यस विधानका व्यवस्था लागू हुने छैनन् ।

विधान पीररति गर्ने समितिका सदस्य सहित भेलामा उपस्थित उपभोक्ता सदस्यको विवरण नाम थर ।

| कार्यसमितिका पदाधिकारीहरु | | | | |
|---|---|---|---|---|
| सि.नं. | पद | नाम थर | ठेगाना | हस्ताक्षर |
| १ | अध्यक्ष | श्री कुम्मेर कार्की | सर्केगाड-२ रिप | |
| २ | उपाध्यक्ष | श्री फागुने महतारा | सर्केगाड-२ रिप | |
| ३ | सचिव | श्री गोर्ख महतारा | सर्केगाड-२ रिप | |
| ४ | कोषाध्यक्ष | श्री सम्रिता कार्की | सर्केगाड-२ रिप | |
| ५ | सहसचिव | श्री चुनमती महतारा | सर्केगाड-२ रिप | |
| ६ | सदस्य | श्री बुर्कली कार्की | सर्केगाड-२ रिप | |
| ७ | सदस्य | श्री पदम कार्की | सर्केगाड-२ रिप | |
| आमभेलामा उपस्थित उपभोक्ता सदस्यहरु | | | | |
| १० | वडा अध्यक्ष | श्री सिद्ध कार्की | सर्केगाड-२ रिप | |
| ११ | प्रसासन सहायक | श्री पासाङ्ग महतारा | सर्केगाड-२ रिप | |

सिद्ध कार्की
वडा अध्यक्ष

उपभोक्ता समिति दर्ताको लागि आवश्यक कागजात :

(१) दर्ता हुनका लागि उपभोक्ता समितिले देहाएको विवरण सहितका कागजातहरु पेश गर्नु पर्नेछ ।

क. समितिको विधान,

ख.उपभोक्ता समितिको पुरा नाम र ठेगाना,

ग.आमभेलाबाट समिति गठन भएको आधिकारिक निर्णय,

घ.चार किल्ला सिमाना,

ङ. घरधुरी संख्या र उपभोक्ताको नामनामेसी विवरण,

च.सम्बन्धित वडाको सिफारिश पत्र,

छ.समितिले प्रयोग गर्ने पानीको स्रोत अन्य क्षेत्रका उपभोक्ताले समेत उपयोग गर्ने रहेछन् भने पानी बाँडफाँडको समुचित वितरणको व्यवस्था मिलाउने व्यवस्था समेतका विषय।